# कृषि विकास बैंक लिमिटेड
# AGRICULTURAL DEVELOPMENT BANK LIMITED

(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

रजिष्टर्ड कार्यालयः वडा नं. ११, रामशाहपथ, काठमाण्डौं, नेपाल
फोन : ४२५२३५९/४२५२३६०, फ्याक्स : ४२६२९२९

**को**

## हितग्राही खातामा बोनस शेयर जम्मा गरिएको बारेको सूचना

कृषि विकास बैंक लिमिटेडको मिति २०७४/१०/२९ गते सम्पन्न ११औं बार्षिक साधारण सभाबाट पारित २० प्रतिशत बोनस शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकृत तथा दर्ता भई अभौतिक रूपमा कारोबार भईसकेको व्यहोरा जानकारी गराईन्छ ।

मिति २०७४/१०/१४ गते सम्म कायम शेयरहरू मध्ये अभौतिकीकरण गराएका यस बैंकका शेयरधनीहरूको बोनस शेयर शेयरधनीको सम्बन्धित हितग्राहि खातामा जम्मा गरी सकिएको व्यहोरा जानकारी गराउँदै, उक्त मिति पश्चात् शेयर अभौतिकीकरण गराएका शेयरधनीहरूको हकमा क्रमशः शेयरधनीको सम्बन्धित हितग्राहि खातामा मिति २०७५/१/२६ गतेसम्म उक्त बोनस शेयर जम्मा हुने व्यवस्था गरिएको छ । उक्त मितिसम्म आ-आफ्नो हितग्राही खातामा बोनस शेयर जम्मा नभएका शेयरधनीहरू, उपत्यका बाहिर र दुर्गम स्थानमा रही आ-आफ्नो हितग्राही खाता खोल्न र उपलब्ध गराउन नसक्ने त्यस्ता शेयरधनीहरूको लागि यो एक पटकका लागि विगत बर्षहरूको जस्तै गरी भौतिक रूपमा नै शेयर प्रमाणपत्र वितरण गर्न भविष्यमा अर्को सूचना जारी गरीने व्यहोरा सम्पूर्ण शेयरधनीहरूलाई जानकारी गराईन्छ ।

यस बैंकको मिति २०७४/१०/१५ गतेसम्म शेयर धितोबन्धक राखि कर्जा लिएका शेयरधनीहरूको बोनश शेयर समेत सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूको नाममा नै रोक्का जनाईएको हुँदा सो मिति पश्चात् रोक्का राखेका शेयरधनीहरूको बोनश शेयर सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले रोक्कामा रहेको/नरहेको यकिन गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

साथै, यस बैंकको वि. सं. २०७१/०२/०९ गते र २०७२/०२/३० गते सम्पन्न भएका क्रमशः सातौं र आठौं वार्षिक साधारणसभाद्वारा स्वीकृत भई वितरण गरेको नगद लाभांश लिन नआउनु भएका शेयरधनी महानुभावहरूको नगद लाभांश एनआईबिएल एस क्यापिटल लि. वा कृषि विकास बैंक लि. कार्यालयबाट भुक्तानी लिन सकिने व्यवस्था मिलाइएको र तोकिएको समयसम्ममा उक्त नगद लाभांश भुक्तानी लिन नआएमा लगानीकर्ता संरक्षणकोष व्यवस्थापन तथा संचालन कार्यबिधी, २०७३ अनुसार हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**शेयर रजिष्ट्रारः**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
**(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)**

मिति २०७५/१/२६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित गर्ने ।